# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५०) काठमाडौं, जेठ १६ गते २०५७ साल (संख्या ७

## भाग ३

श्री ५ को सरकार

### स्वास्थ्य मन्त्रालयको

### सूचना १

**वीर अस्पताल विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०५७**

वीर अस्पताल विकास समिति (गठन) आदेश, २०३७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस आदेशको नाम "वीर अस्पताल विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०५७" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>वीर अस्पताल विकास समिति (गठन) आदेश, २०३७ को दफा ३ मा संशोधनः</u> वीर अस्पताल विकास समिति (गठन) आदेश, २०३७ को दफा ३ को,–

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः–

"(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका अध्यक्ष तथा सदस्यहरू रहनेछन्ः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) श्री ५ को सरकारद्वारा मनोनीत व्यक्ति – अध्यक्ष
(ख) लब्ध प्रतिष्ठित समाजसेवीहरूमध्येबाट श्री ५ को सरकारद्वारा मनोनीत दुई जना – सदस्य
(ग) प्रतिनिधि (राजपत्राङ्कित प्रथम श्रेणी), स्वास्थ्य मन्त्रालय – सदस्य
(घ) समितिको सिफारिशमा श्री ५ को सरकारद्वारा मनोनीतः–
(१) कन्सल्टेण्ट चिकित्सकहरू मध्येबाट एक एक बर्षको-लागि आलोपालो गरी दुई जना – सदस्य
(२) पारामेडिकल र नर्सिङ स्टाफहरू मध्येबाट क्रमानुसार एक एक वर्षको लागि आलोपालो गरी एक जना – सदस्य
(ङ) मेट्रोन, वीर अस्पताल – सदस्य
(च) निर्देशक, वीर अस्पताल – सदस्य-सचिव"

(२) उपदफा (३) मा रहेका "खण्ड (क) र (घ)" भन्ने शब्दहरूको सट्टा "खण्ड (क) र (ख)" भन्ने शब्दहरू राखिएका छन्।

## सूचना २

### कान्ति बाल अस्पताल विकास समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०५७

कान्ति बाल अस्पताल विकास समिति (गठन) आदेश, २०४० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "कान्ति बाल अस्पताल विकास समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०५७" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. कान्ति बाल अस्पताल विकास समिति (गठन) आदेश, २०४० को दफा ३ मा संशोधनः कान्ति बाल अस्पताल विकास समिति (गठन) आदेश, २०४० को दफा ३ को,–

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः–

"(२) उपदफा (१) बमोजिमको समितिमा देहायबमोजिमका अध्यक्ष तथा सदस्य रहनेछन्ः–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) श्री ५ को सरकारद्वारा मनोनीत व्यक्ति – अध्यक्ष

(ख) लब्ध प्रतिष्ठित समाजसेवीहरूमध्येबाट श्री ५ को सरकारद्वारा मनोनीत दुई जना – सदस्य

(ग) प्रतिनिधि (राजपत्राङ्कित द्वितीय श्रेणी), स्वास्थ्य मन्त्रालय – सदस्य

(घ) समितिको सिफारिशमा श्री ५ को सरकारद्वारा मनोनीत:–

(१) कन्सल्टेण्ट चिकित्सकहरूमध्येबाट एक एक वर्षको लागि आलोपालो गरी दुई जना – सदस्य

(२) पारामेडिकल र नर्सिङ स्टाफहरूमध्येबाट क्रमानुसार एक एक वर्षको लागि आलोपालो गरी एक जना – सदस्य

(ङ) मेट्रोन, कान्ति बाल अस्पताल – सदस्य

(च) निर्देशक, कान्ति बाल अस्पताल –सदस्य-सचिव"

(२) उपदफा (३) मा रहेका "खण्ड (क) र (ग)" भन्ने शब्दहरूको सट्टा "खण्ड (क) र (ख)" भन्ने शब्दहरू राखिएका छन् ।

(३) उपदफा (४) मा रहेका "समितिको राय लिई" भन्ने शब्दहरू झिकिएका छन् ।

आज्ञाले,
श्रीकान्त रेग्मी
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९८

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।